जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००**
***इमेल :*** *mgnd2070@gmail.com*

**बर्ष: १३, अंक: १८५ पृष्ठ: ४** **२०८३ कार्तिक २९ आइतबार** (Sunday 15 Nov. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

## सरकार बिचौलियाले चलाएको कांग्रेस महामन्त्री डा. संग्रौलाको आरोप



**मणिलाल विश्वकर्मा**

लहान, २८ कार्तिक। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी महामन्त्री डा. डिला संग्रौलाले वर्तमान सरकार बिचौलियाले चलाएको आरोप लगाएकी छन्। सिरहाको लहानस्थित नगर पार्टी कार्यालयमा शनिबार बिहान आयोजित पत्रकार भेटघाट कार्यक्रममा बिचौलियाको आरोपमा पत्क्राउ परेका इनम सापकोटाको मोवाइल प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारको हातमा पुगेर केही प्रमाणहरु डलिट गरिएको घटनाले सरकार कसको भरमा चलिरहेको छ भन्ने तथ्यको पुष्टि हुने उनको दाबी थियो।

'उक्त घटनाको पनि निष्पक्ष छानबिन हुनुपर्छ' उनले भनिन् 'सरकारलाई प्रश्न गर्ने प्रेस र कांग्रेसलाई विभिन्न मुद्दामा फसाउने षड्यन्त्र गरिँदैछ, राणा, पञ्चायत र राजतन्त्रसँग नडराएको कांग्रेस त्यसबाट किञ्चित डराएको छैन।' २०४६ साल यता सार्वजनिक ओहदामा पुगेका सबैको सम्पत्ति छानबिन हुनु पर्नेमा आफ्नो पार्टीको पूरै सहयोग र समर्थन रहने चर्चा गर्दै उनले मधेका समस्याहरुको सवालमा पार्टीले श्वेतपत्र जारी गरी त्यही आधारमा योजनाबद्ध रुपले काम गर्ने उल्लेख गरिन्।

**'मधेशलाई हेर्ने दृष्टिकोण्मा फेरिएको छ'**

निर्वाचनका बेला मात्र दलका नेताहरुलाई पछाडि पारिएको मधेशको याद आएको हो भन्ने पत्रकारहरुको जिज्ञासामा उनले पार्टीको पछिल्लो महाधिवेशनले छानेको नेतृत्व र पार्टीका दस्तावेजहरुमा मधेशलाई हेर्ने दृष्टिकोण फेरिएको बताइन्। 'मधेश जागरुक नभई देश जाग्दैन' उनले भनिन् 'कांग्रेसले समग्र मधेशलाई एकताबद्ध गरी मधेशले भोगिरहेका समस्याहरु समाधानका लागि नेतृत्व गर्नेछ।'

कांग्रेसकै नाममा अर्को समूहले समानान्तर गतिविधि गरिरहेको विषयमा उनले राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्शमा धेरै नेताहरुले आफ्नो जीवनको उर्जा खर्चिएर बनाएको पार्टीमा बाहिर रहनु भएका नेताहरु पनि आफूहरुकै नेता भएको जिकिर गरिन्। 'उहाँहरुसँग पनि संवाद गरी असन्तुष्टिहरुको सम्बोधन हुनुपर्छ, त्यसका लागि पार्टी सभापतिले पहल पनि गरिसक्नु भएको छ' उनले भनिन्।

पार्टीको १५ महाधिवेशन अघि विभिन्न काराणले रोकिएका कतिपय वडा, पालिका, क्षेत्र, जिल्ला र प्रदेश महाधिवेशन छठ पर्वपछि समग्र प्याकेजमा केन्द्रीय निर्वाचन समितिले कार्यतालिका प्रकाशन गरेपछि त्यही आधारमा सम्पन्न हुने उनले बताइन्।

## छठघाट व्यवस्थापनमा जुटे स्थानीय



सिरहा, २८ कार्तिक। छठ पर्व आउन तीन दिन मात्रै बाँकी रहँदा सिरहाका नदी, खोला, पोखरी तथा तलाउका किनारमा सरसफाइ र घाट व्यवस्थापनले तीव्रता पाएको छ। पर्वलाई व्यवस्थित र भव्य बनाउन स्थानीयवासी, युवा तथा श्रद्धालुहरू सामूहिक रूपमा तयारीमा जुटेका छन्। गोलबजार, चोहर्वा, निपनिया र नरहाललगायतका क्षेत्रमा छठघाट सफाइ, बाटो मर्मत तथा पूजास्थल व्यवस्थापनको काम भइरहेको छ। निपनिया पोखरी, मैनाबती खोला र चोहर्वा पोखरी आसपासका जलाशयमा स्थानीयले श्रमदानमार्फत झारपात हटाउने, फोहोर सफा गर्ने र घाट सम्याउने काम गरिरहेका छन्।

घाट व्यवस्थापनका लागि कतै स्थानीयले कोदालो, खुर्पी र हँसियालगायतका औजार प्रयोग गरिरहेका छन् भने कतै जेसीबी परिचालन गरिएको छ। विभिन्न स्थानमा टेन्ट र पण्डाल निर्माणसँगै सजावटको कामसमेत अघि बढाइएको छ। गोलबजार नगरपालिका-७ का स्थानीय दीपेन्द्र सिंह (दीपा) ले व्रतालु तथा श्रद्धालुलाई पूजाअर्चनामा सहजता प्रदान गर्न केही दिनअघिदेखि नै स्थानीय सरसफाइ अभियानमा जुटेको बताए। 'छठ हाम्रो मुख्य पर्व हो। व्रतालुलाई पूजाअर्चना गर्न कुनै असुविधा नहोस् भनेर बाटोदेखि घाटसम्म सफाइ र व्यवस्थापनमा लागेका छौं,' उनले भने।

स्थानीय अमितकुमार सिंहका अनुसार छठलाई सभ्य र व्यवस्थित रूपमा सम्पन्न गर्न समुदायका सबै

**-बाँकी तीन पेजमा**

## सिरहासहित देशभर श्रद्धापूर्वक मनाइयो खरना



सिरहा, २८ कार्तिक। लोकआस्था र सूर्य उपासनाको महापर्व छठअन्तर्गत शनिबार सिरहासहित देशभर खरना विधि श्रद्धा र भक्तिपूर्वक मनाइएको छ। यस अवसरमा व्रतालुहरूले दिनभर निराहार उपवास बसेर साँझ विधिपूर्वक पूजा गरी प्रसाद ग्रहण गरेका छन्। छठ पर्वको महत्वपूर्ण विधिका रूपमा रहेको खरनामा व्रतालुहरू बिहानैदेखि उपवास बसेर साँझ स्नानपछि घरको आँगन वा पूजास्थलमा पूजा गर्ने गर्छन्। माटोको चुल्होमा शुद्धतापूर्वक पकाइएको खीर, रोटी तथा दूध र गुडबाट तयार पारिएको प्रसाद सूर्यदेव र छठी मातालाई अर्पण गर्ने परम्परा छ।

खरना विधिमा शुद्धता र पवित्रतालाई विशेष महत्व दिइन्छ। पूजापछि प्रसाद परिवारका सदस्य, आफन्त तथा छिमेकीलाई बाँडेर ग्रहण गर्ने चलन छ। खरनाको प्रसाद ग्रहण गरेपछि व्रतालुहरू छठको मुख्य निर्जल उपवासमा प्रवेश गर्छन्। धार्मिक मान्यताअनुसार खरनापछि व्रतालुहरू करिब ३६ घण्टासम्म पानीसमेत नपिई उपवास बस्छन्। परिवारको सुख, शान्ति र समृद्धि, सन्तानको दीर्घायु तथा मनोकामना पूरा हुने विश्वासका साथ श्रद्धा र निष्ठापूर्वक यो व्रत बस्ने परम्परा छ।

छठको तेस्रो दिन आइतबार साँझ व्रतालुहरू परिवार र आफन्तसहित नदी, पोखरी, तलाउ तथा अन्य जलाशयका किनारमा बनाइएका घाटमा पुगेर अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्नेछन्। बाँसको सुपमा ठकुवा, भुसुवा, फलफूल, उखु, नरिवललगायतका पूजासामग्री सजाएर सूर्यदेवलाई अर्पण गर्ने चलन छ। पर्वको अन्तिम दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ सम्पन्न हुनेछ।

छठलाई लक्षित गरी सिरहा, सप्तरीलगायत तराई-मधेशका जिल्लाका साथै देशका विभिन्न स्थानमा छठघाट व्यवस्थापन, सरसफाइ र सजावटको काम तीव्र पारिएको छ। स्थानीयवासी सामूहिक रूपमा घाट सफा गर्ने, जलाशयका किनार व्यवस्थित गर्ने, पूजास्थल

**-बाँकी तीन पेजमा**

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



**ट्राफिक नियम पालना गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## छठ पर्वको गरिमा जोगाउन स्थानीय जिम्मेवारी

छठ पर्व तराई–मधेशको धार्मिक, सांस्कृतिक र सामाजिक पहिचानसँग अभिन्न रूपमा जोडिएको महान् लोकपर्व हो। विशेषगरी सिरहा, सप्तरी, धनुषा, महोत्तरीलगायत मधेशका जिल्लामा छठको रौनकले गाउँदेखि सहरसम्म उत्सवमय वातावरण सिर्जना गर्छ। सूर्यदेव र छठी माताको उपासना गर्दै मनाइने यो पर्व केवल धार्मिक आस्थाको विषय होइन, प्रकृतिप्रतिको सम्मान, सामाजिक एकता, पारिवारिक आत्मीयता र सामुदायिक सद्भावको प्रतीक पनि हो। पुर्स्तौंदेखि चल्दै आएको यस परम्पराले मधेशको मौलिक पहिचानलाई जीवन्त राखेको छ।

चार दिनसम्म विभिन्न विधि र नियम पालना गर्दै मनाइने छठ पर्वको आफ्नै विशिष्टता छ। नहाय–खायबाट सुरु हुने पर्व खरना, अस्ताउँदो सूर्यलाई अर्घ्य र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै सम्पन्न हुन्छ। सिरहाका कमला नदी, मैनावती, गागन, बलानलगायत नदी तथा विभिन्न पोखरी र जलाशयका किनारमा श्रद्धालुहरूको ठूलो जमघट हुने गर्छ। जनकपुरधामका गङ्गासागर, धनुषसागर, रत्नसागर र अन्य पोखरीमा देखिने छठको दृश्यले मिथिलाको सांस्कृतिक वैभव झल्काउँछ। गाउँगाउँका पोखरी, तलाउ र नदी किनारमा स्थानीय समुदायको सामूहिक सहभागिताले पर्वलाई थप जीवन्त बनाउँछ।

छठ पर्वको सबैभन्दा सुन्दर पक्ष यसको सामूहिकता हो। पूजा सामग्री तयार पार्नेदेखि घाट सजाउने, सरसफाइ गर्ने र व्रतालुलाई सहयोग गर्नेसम्मका काममा स्थानीयवासी एकजुट हुन्छन्। जात, वर्ग र आर्थिक अवस्थाभन्दा माथि उठेर सबै समुदायको सहभागिता देखिन्छ। विशेषगरी सिरहा र आसपासका क्षेत्रमा छठका अवसरमा छिमेकी तथा आफन्तबीच सहयोग र सद्भावको वातावरण निर्माण हुन्छ। सामाजिक विभाजन र असमझदारी बढिरहेका बेला यस्तो सामूहिक संस्कृतिले समाजलाई जोड्ने काम गर्छ।

तर छठको धार्मिक र सांस्कृतिक गरिमासँग जोडिएको अर्को महत्वपूर्ण पक्ष जलाशयको स्वच्छता हो। विडम्बना, सिरहाका कमला नदीसहित विभिन्न नदी, पोखरी र तलाउमा वर्षभरि फोहोर, ढल तथा अन्य प्रदूषणको समस्या देखिन्छ। छठ नजिकिएपछि मात्र सरसफाइ गर्ने र पर्व सकिएसँगै फेरि बेवास्ता गर्ने प्रवृत्तिले जलस्रोत संरक्षणको उद्देश्य पूरा हुँदैन। स्थानीय तहले नदी तथा पोखरीको नियमित सरसफाइ, ढल व्यवस्थापन र फोहोर नियन्त्रणलाई प्राथमिकता दिनुपर्छ। गोलबजार, लहान, मिर्चैया, धनगढीमाई, सिरहा, कर्जन्हा र अन्य स्थानीय तहले छठ घाटको व्यवस्थापनलाई वार्षिक योजनाकै हिस्सा बनाउन आवश्यक छ।

छठ पर्व स्थानीय अर्थतन्त्रसँग पनि जोडिएको छ। पर्व नजिकिँदा सिरहा र जनकपुरधामका बजारमा बाँसका डाला, सुप, नाङ्लो, छिट्टी, माटाका दियो, घैंटो तथा अन्य पूजासामग्रीको माग बढ्छ। यसले कुम्हाल, डोम तथा बाँसका सामग्री बनाउने परम्परागत कारीगर समुदायलाई आम्दानीको अवसर दिन्छ। किसानका फलफूल, उखु, अदुवा, बेसार र अन्य कृषि उत्पादनको बिक्रीसमेत बढ्छ। तर पर्वको केही दिनको मागले मात्र यी समुदायको आर्थिक अवस्था सुधार्न सक्दैन। स्थानीय सरकार र बजार व्यवस्थापन समितिले परम्परागत कारीगरलाई उचित मूल्य, सहज कच्चा पदार्थ र नियमित बजार उपलब्ध गराउने नीति लिनुपर्छ। स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिनु संस्कृति र स्थानीय अर्थतन्त्र दुवैको संरक्षण हो।

छठ पर्वले स्वास्थ्य, अनुशासन र स्वच्छताको सन्देश पनि दिन्छ। तर पर्वका क्रममा अत्यधिक भीडभाड हुने घाटमा दुर्घटना, डुबान र अन्य जोखिमलाई बेवास्ता गर्न मिल्दैन। सिरहाका नदी तथा पोखरीमा अर्घ्य दिन पुग्ने श्रद्धालुका लागि सुरक्षित घाट, पर्याप्त प्रकाश, स्वच्छ खानेपानी, शौचालय, प्राथमिक उपचार र उद्धार टोलीको व्यवस्था हुनुपर्छ। स्थानीय प्रशासन, प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह र स्वयंसेवी संस्थाबीच समन्वय आवश्यक छ। विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि सहज आवागमनको व्यवस्था गर्नुपर्छ।

यसका साथै, पर्वलाई प्लास्टिकमुक्त र वातावरणमैत्री बनाउनेतर्फ पनि ध्यान दिनुपर्छ। पूजा सामग्रीका नाममा प्रयोग हुने प्लास्टिकजन्य वस्तुको प्रयोग घटाउँदै बाँस, माटो र पातबाट बनेका परम्परागत सामग्रीलाई प्राथमिकता दिनुपर्छ। व्रतालु र श्रद्धालुले पनि पूजा सम्पन्न भएपछि जलाशयमा फोहोर नफाल्ने जिम्मेवारी लिनुपर्छ। छठ मधेशको गौरव र पहिचान हो। यसको संरक्षण केवल धार्मिक संस्थाहरू वा व्रतालुको जिम्मेवारी होइन, स्थानीय सरकार, नागरिक समाज, व्यापारी, किसान र प्रत्येक नागरिकको साझा दायित्व हो। सिरहाका नदी, पोखरी र जलाशय स्वच्छ राख्दै स्थानीय कारीगरको पेसा जोगाउने, किसानको उत्पादनलाई बजार दिने र सबै समुदायको सहभागिता सुनिश्चित गर्ने काम गर्न सके छठको वास्तविक भावना स्थापित हुनेछ। छठलाई चार दिनको उत्सवमा सीमित नगरी वर्षभरि स्वच्छता, सद्भाव र प्रकृति संरक्षणको अभियान बनाउन सक्नु नै यस पर्वप्रतिको सच्चा सम्मान हुनेछ।

# नेपाली समाजको बदलिँदो राजनीतिक मनोविज्ञान



डा. निरञ्जन सापकोटा

पुराना राजनीतिक दलहरूप्रतिको वितृष्णा, नयाँ सरकारप्रतिको आशा र तेस्रो धारको राजनीतिक अवसरवादबीच नेपाली समाज अहिले एउटा महत्त्वपूर्ण राजनीतिक मोडमा उभिएको छ। तर नयाँ सरकारलाई समर्थन गर्नु अन्धभक्ति होइन र पुराना दलहरूको आलोचना गर्नु पूर्वाग्रह पनि होइन। यस आलेखमा नेपाली समाजको राजनीतिक चेतनामा आएको परिवर्तनलाई चिरफार गर्ने जमर्को गरिएको छ।

नेपाली समाज यतिबेला राजनीतिकरूपमा असाधारण ुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ। समाजलाई नजिकबाट नियाल्ने हो भने अहिले मूलतः तीन प्रकारका राजनीतिक मनोविज्ञान र प्रवृत्तिहरू स्पष्ट देखिन्छन्। पहिलो, नेपाली कांग्रेस, नेकपा (एमाले) वा पुरानो माओवादी केन्द्रलगायत परम्परागत राजनीतिक दलहरूसँग लामो समयदेखि आबद्ध रहेका र ती दलप्रति आफ्नो राजनीतिक निष्ठा कायम राखिरहेका कार्यकर्ताहरूको एउटा ठूलो समूह छ।

दोस्रो, विगतमा यिनै दलहरूसँग जोडिएका, तिनका विचार, आन्दोलन र सङ्गठनमा समय तथा श्रम खर्चिएका तर पछिल्लो समय तिनको कार्यशैलीबाट निराश भएर आफूलाई स्वतन्त्र नागरिकका रूपमा उभ्याउन चाहनेहरूको समूह छ। यही समूहको एउटा उल्लेखनीय हिस्सा अहिलेको नयाँ सरकारप्रति आशावादी र समर्थक देखिन्छ। यो समूहमा केही चाहिँ अवसरको खोजीमा भौंतारिएको जमात पनि समावेश छ।

तेस्रो, यी दुई धारभन्दा आफूलाई अलग देखाउने, राजनीतिक परिस्थितिलाई पर्खेर हेर्ने र बदलिँदो जनमतभित्र आफ्नो स्थान खोज्ने अर्को समूह पनि छ जसलाई हर्क राईको समूहजस्तैका रूपमा बुझे पनि हुन्छ। दुर्गा प्रसाईं र केही हदसम्म राप्रपा पनि यही समूहमा पर्छन्। यी तीन प्रवृत्तिबीचको संघर्ष पार्टीगत प्रतिस्पर्धामात्र होइन। यो नेपाली नागरिकको बदलिँदो राजनीतिक चेतना, अपेक्षा,निराशा र भविष्यप्रतिको आकांक्षाको अभिव्यक्ति पनि हो।

**पुराना दलप्रतिको निष्ठा र बदलिँदो जनमत**

कांग्रेस, एमाले र माओवादीजस्ता राजनीतिक दलहरूको नेपालको लोकतान्त्रिक तथा राजनीतिक इतिहासमा महत्त्वपूर्ण योगदान छ। व्यवस्था परिवर्तनका आन्दोलन, लोकतान्त्रिक अधिकारको स्थापना, गणतन्त्रको प्राप्ति र संविधान निर्माणसम्मका ऐतिहासिक घटनामा यी दलहरूको अग्रणी भूमिका अस्वीकार गर्न सकिँदैन। तिनको योगदानलाई बिर्सेर आजको राजनीतिक बहसलाई अगाडि बढाउन मिल्दै मिल्दैन।

तर इतिहासमा योगदान गरेको तथ्यले वर्तमानमा सधैँ जनताको समर्थन पाइरहने सुनिश्चितता गर्दैन। राजनीतिक दलहरू जनताको विश्वासबाट जन्मन्छन्, जनताको अपेक्षाबाट चल्छन् र जनताप्रति उत्तरदायी हुन नसक्दा क्रमशः कमजोर हुँदै जान्छन्। यो विश्वव्यापी मान्यता नै हो। समस्या यहींबाट सुरु भएको हो। लामो समयसम्म सत्ताको अभ्यास गरेका दलहरूमा राजनीतिक नेतृत्वप्रतिको अत्यधिक मोह, गुटबन्दी, अवसरवाद, संस्थागत कमजोरी र जवाफदेहीको अभावजस्ता विषयले जनताको असन्तुष्टि बढाएको थियो। पटकपटक सरकार परिवर्तन हुनु, उनै अनुहार फरकफरक समीकरण बनाएर सत्तामा पुग्नु र जनताले अपेक्षा गरेका आधारभूत परिवर्तनहरू व्यवहारमा अनुभूत गर्न नसक्नुले राजनीतिक निराशालाई थप गहिरो बनाएको थियो। यही पृष्ठभूमिमा वर्तमान सरकारले जनमत प्राप्त गरेको हो।

यसको अर्थ पुराना दलका सबै नेता कार्यकर्ता खराब छन् भन्ने होइन। ती दलभित्र इमानदार, निष्ठावान् र लोकतान्त्रिक मूल्यप्रति प्रतिबद्ध मानिसहरूको ठूलो संख्या आज पनि छ। तर नेतृत्वको असफलताको मूल्य सम्पूर्ण सङ्गठनले चुकाउनुपर्ने अवस्था सिर्जना भएको छ। यही असन्तुष्टिले पुराना राजनीतिक दलबाट अलग भएर स्वतन्त्र नागरिकको पहिचानमा उभिन चाहने मानिसहरूको संख्या बढाएको हो।

**नयाँ सरकारप्रतिको समर्थन : परिवर्तनप्रतिको अपेक्षा**

अहिलेको राजनीतिक बहसमा सबैभन्दा महत्त्वपूर्ण पक्ष नयाँ सरकारप्रति देखिएको नागरिक समर्थन हो। यस समर्थनलाई कतिपयले नयाँ राजनीतिक शक्तिको भक्ति, व्यक्तिपूजा वा पुराना दलविरुद्धको आवेगका रूपमा व्याख्या गर्ने प्रयास गरेका छन्। तर यो व्याख्या पूर्णरूपमा न्यायोचित देखिँदैन।

अहिलेको सरकारलाई समर्थन गर्ने सबै मानिस कुनै पार्टीका सङ्गठित कार्यकर्ता होइनन्। उनीहरू सबैले कुनै राजनीतिक लाभको अपेक्षा राखेका पनि छैनन्। र वर्तमान सरकारले जनमुखी काम नगरेको खण्डमा यो जमात तत्काल अर्को विकल्पतिर लाग्नेछ। उनीहरूमध्ये धेरैजना विगतमा कांग्रेस, एमाले वा माओवादीको राजनीति गरेका मानिस हुन्। कतिपयले ती पार्टीका लागि चुनावमा प्रचार गरे, सङ्गठन बनाए, आन्दोलनमा सहभागी भए र राजनीतिक परिवर्तनका लागि व्यक्तिगत समय तथा श्रम खर्चिए। तर जब उनीहरूले राजनीतिक दलहरूबाट अपेक्षा गरेको परिवर्तन अनुभूत गर्न सकेनन् तब उनीहरू आफ्नो राजनीतिक निष्ठामाथि पुनर्विचार गर्न बाध्य भए।

आज उनीहरूले नयाँ सरकारलाई समर्थन गर्नुको कारण विगतका सबै राजनीतिक योगदानलाई अस्वीकार गर्नु होइन। बरु पुरानो राजनीतिक अभ्यासभन्दा फरक कार्यशैली, परिणाममुखी शासन, सुशासन, पारदर्शिता र जवाफदेहीको सम्भावना देख्नु हो। उनीहरूको अपेक्षा पूरा होला नहोला ? त्यो हेर्न भने बाँकी नै छ।

त्यसैले यसलाई भक्ति भन्न मिल्दैन। कुनै सरकारप्रति आशावादी हुनु र त्यसका हरेक निर्णयलाई सही ठान्नु फरक कुरा हुन्। सरकारलाई समर्थन गर्ने नागरिकले पनि गलत निर्णयको आलोचना गर्न सक्छन्, कमजोरी औंल्याउन सक्छन् र सुधारको माग गर्न सक्छन्। वास्तवमा लोकतन्त्रमा समर्थनको सबैभन्दा स्वस्थ स्वरूप यही हो। समर्थन भनेको विवेकको समर्पण होइन। समर्थन भनेको राम्रो कामलाई प्रोत्साहन गर्नु र गलत काम हुँदा प्रश्न उठाउने अधिकार सुरक्षित राख्नु हो।

अहिलेको नयाँ सरकारप्रति देखिएको समर्थनलाई यही दृष्टिकोणबाट बुझ्न आवश्यक छ। यो समर्थन कुनै व्यक्तिको लोकप्रियतामा मात्र आधारित छ कि राज्य सञ्चालनमा अपेक्षित परिवर्तनको सम्भावनामा आधारित छ भन्ने कुरा बुझ्नु महत्त्वपूर्ण हुन्छ। नागरिकले सरकारबाट चमत्कार होइन परिणाम चाहेका छन्। उनीहरूले भाषणभन्दा काम, आश्वासनभन्दा उपलब्धि र राजनीतिक प्रतिशोधभन्दा संस्थागत सुधार खोजेका छन्।

**तेस्रो धार : वैकल्पिक राजनीति कि अवसरको प्रतीक्षा ?**

यी दुई स्पष्ट राजनीतिक प्रवृत्तिबीच आफूलाई फरक देखाउन खोज्ने अर्को समूह पनि सक्रिय छ। माटो, श्रम र संस्कृतिको राजनीतिको कुरा गर्ने शक्तिदेखि राष्ट्रियताको नारामा राजनीति गर्ने राप्रपाजस्ता दल तथा विभिन्न स्वतन्त्र राजनीतिक पात्रहरूसम्म यो प्रवृत्तिको दायरा फैलिएको देखिन्छ। दुर्गा प्रसाईं, धवलशमशेर राणालगायतका पात्रहरू पनि आफ्नै राजनीतिक भाष्य र दाबीसाथ सार्वजनिक बहसमा उपस्थित छन्।

यी सबैलाई एउटै डालोमा राखेर मूल्याङ्कन गर्नु उचित हुँदैन। उनीहरूका विचार, राजनीतिक पृष्ठभूमि, उद्देश्य र कार्यशैली फरक हुन सक्छन्। वैकल्पिक राजनीतिक विचार राख्नु लोकतन्त्रको स्वाभाविक पक्ष हो। विद्यमान सरकारको आलोचना गर्नु, फरक राजनीतिक दर्शन प्रस्तुत गर्नु वा नयाँ राजनीतिक सङ्गठन निर्माण गर्नु पनि नागरिकको लोकतान्त्रिक अधिकार हो।

तर यहाँ प्रश्न वैकल्पिक विचारको होइन, वैकल्पिकताको विश्वसनीयताको हो। के साँच्चै उनीहरूसँग मुलुकका समस्याको समाधान गर्ने स्पष्ट दृष्टिकोण छ ? के उनीहरूले आफ्ना राजनीतिक प्रस्तावलाई व्यवहारमा उतार्ने सङ्गठनात्मक क्षमता देखाएका छन् ? के उनीहरू जनताको असन्तुष्टिलाई सम्बोधन गर्न चाहन्छन् वा त्यही असन्तुष्टिलाई आफ्नो राजनीतिक अस्तित्व विस्तार गर्ने अवसरका रूपमा प्रयोग गरिरहेका छन् ?

राजनीतिमा सरकारको कमजोरी पर्खेर बस्नु र त्यसैलाई आफ्नो राजनीतिक उचाइ निर्माण गर्ने अवसर ठान्नु सजिलो हुन्छ। तर देश निर्माणका लागि आलोचनामात्र पर्याप्त हुँदैन। विकल्प प्रस्तुत गर्न सक्नुपर्छ। विकल्प प्रस्तुत गर्नेहरूले आफ्नो दृष्टिकोण, कार्यक्रम, नेतृत्वको विश्वसनीयता र कार्यक्षमता प्रमाणित गर्नुपर्छ। जनताले पुराना दलप्रति असन्तुष्टि व्यक्त गरे भन्दैमा जोसुकैले आफूलाई स्वतः विकल्प घोषणा गर्न मिल्दैन। विकल्प हुनका लागि विकल्पजस्तो देखिनुमात्र पर्याप्त छैन। विकल्प बन्न सक्ने क्षमता पनि देखाउनुपर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारलाई पनि यो कुरा प्रमाणित गरेर देखाउनु अहिलेको प्रमुख चुनौती हो।

**आलोचना गर्ने नागरिकलाई भक्तको संज्ञा किन ?**

अहिलेको राजनीतिक बहसमा देखिएको अर्को गम्भीर समस्या आलोचनाको विषयवस्तुभन्दा आलोचकको राजनीतिक पहिचान खोज्ने प्रवृत्ति हो। कसैले पुराना दलको कमजोरीबारे प्रश्न उठायो भने उसलाई नयाँ सरकारको समर्थक भनेर वर्गीकृत गरिन्छ। कसैले नयाँ सरकारको निर्णयमाथि प्रश्न उठायो भने उसलाई पुरानै राजनीतिक व्यवस्थाको पक्षधर ठान्ने प्रवृत्ति देखिन्छ। यसले लोकतान्त्रिक बहसलाई साँघुरो बनाइरहेको छ।

कुनै नागरिकले कांग्रेस, एमाले वा माओवादीको विगतको कार्यशैलीको आलोचना गर्नु उसको अधिकार हो। त्यसका लागि उसले नयाँ सरकारको भक्त हुनुपर्दैन। त्यसैगरी नयाँ सरकारको कुनै निर्णय गलत छ भनेर प्रश्न उठाउने व्यक्तिलाई पुराना दलको एजेन्ट भन्न पनि मिल्दैन।

नागरिकको राजनीतिक चेतनालाई पार्टीको सदस्यता वा समर्थनको आधारमा मात्र मापन गर्न मिल्दैन। नागरिक स्वतन्त्र हुन सक्छ। उसले कुनै पनि राजनीतिक दलको राम्रो कामको समर्थन र नराम्रो कामको विरोध गर्न सक्छ। उसले एउटा सरकारलाई समर्थन गर्दै अर्को राजनीतिक दलको वैचारिक योगदानको सम्मान पनि गर्न सक्छ। यो संस्कारको विकास हुन सके समाजको अराजकता पनि न्यूनीकरण हुन्थ्यो। लोकतन्त्रको सुन्दरता नै यही हो।

नयाँ सरकारलाई समर्थन गर्ने नागरिकहरूको ठूलो हिस्सा पुराना दलहरूको विरोधका लागि मात्र विरोध गरिरहेको छैन। उनीहरूको असन्तुष्टिको पछाडि राजनीतिक अनुभव, लामो समयको प्रतीक्षा, पूरा नभएका प्रतिबद्धता र परिवर्तनको चाहना छ। त्यसैले उनीहरूको आलोचनालाई व्यक्तिगत आक्रोश वा विरोधका रूपमा खारेज गर्नु समस्याको वास्तविकतालाई बेवास्ता गर्नु हो।

**सरकारको समर्थनसँगै**

–बाँकी तीन पेजमा

## नेपाली समाजको...

**जवाफदेहीको माग आवश्यक**

नयाँ सरकारप्रति देखिएको जनसमर्थनलाई स्थायी राजनीतिक सम्पत्ति ठान्नु उत्तिकै ठूलो भुल हुनेछ। जनताको विश्वास परिवर्तनशील हुन्छ। आज जुन आशाले समर्थन प्राप्त भएको छ भोलि त्यही आशा पूरा गर्न नसक्दा असन्तुष्टिमा बदलिन सक्छ।

नयाँ सरकारका अगाडि सबैभन्दा ठूलो चुनौती यही हो। उसले आफ्नो लोकप्रियतालाई शासन सञ्चालनको क्षमतामा रूपान्तरण गर्न सक्नुपर्छ। सुशासनको प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ। भ्रष्टाचार नियन्त्रणमा निर्मम हुनुपर्छ। राज्यका संस्थाहरूलाई बलियो बनाउनुपर्छ। कानुनी शासन र नागरिक अधिकारको सम्मान गर्नुपर्छ। राजनीतिक प्रतिशोधबाट माथि उठेर सार्वजनिक संस्थाहरूलाई प्रभावकारी बनाउनुपर्छ। विधिको शासनलाई आत्मसात् गर्नु नै अहिलेको सरकारको दायित्व बनोस्।

सरकारलाई समर्थन गर्ने नागरिकहरूले पनि यो कुरा बुझ्नुपर्छ कि सरकारप्रतिको विश्वासलाई प्रश्नरहित समर्थनमा बदल्नु हुँदैन। सरकारको आलोचना गर्ने अधिकारलाई सुरक्षित राख्नु नै लोकतन्त्रको रक्षा गर्नु हो। त्यसैले नयाँ सरकारका समर्थकहरूले पनि आफ्नै पक्षको कमजोरी देख्ने र बोल्ने आँट गर्नुपर्छ। सरकारको राम्रो कामको प्रशंसा गर्दा नराम्रो कामलाई ढाकछोप गर्नु हुँदैन। सरकारको असफलतालाई स्वीकार गर्नु सरकारविरोधी हुनु होइन। बरु समयमै कमजोरी औंल्याएर सुधारको बाटो देखाउनु जिम्मेवार नागरिकको भूमिका हो।

**पार्टीगत निष्ठा कि नागरिकको विवेक**

नेपाली समाजको अहिलेको राजनीतिक विभाजनलाई पुराना र नयाँ शक्तिबीचको प्रतिस्पर्धाका रूपमा हेरेर पुग्दैन। यो पुरानो राजनीतिक संस्कार र नयाँ राजनीतिक अपेक्षाबीचको संघर्ष पनि हो। एउटा पक्ष विगतको राजनीतिक इतिहास,सङ्गठन र निष्ठाको आधारमा आफ्नो अस्तित्व जोगाउन चाहन्छ। अर्को पक्ष विगतको अनुभवबाट पाठ सिकेर नयाँ राजनीतिक अभ्यासको सम्भावना खोजिरहेको छ। तेस्रो पक्ष यी दुवैबीचको असन्तुष्टि र अवसरको राजनीतिक उपयोग गर्न खोजिरहेको हुन सक्छ। तर अन्ततः यी सबैभन्दा माथि नागरिकको विवेक हुनुपर्छ।

नेपाली जनताले कुनै पनि दल वा नेतालाई स्थायीरूपमा आफ्नो मालिक बनाएका छैनन्। उनीहरूले राजनीतिक दलहरूलाई शासन गर्ने जिम्मेवारी दिएका हुन् प्रश्नभन्दा माथि रहने अधिकार होइन। निर्वाचनमा मत दिनु भनेको आफ्नो विवेक सुम्पिनु होइन। राजनीतिक समर्थन गर्नु भनेको आफ्नो स्वतन्त्र पहिचान गुमाउनु होइन।

अबको राजनीतिक बहसमा कसले कसलाई समर्थन गर्छ भन्ने प्रश्नभन्दा कसले देश र जनताका लागि के गरिरहेको छ भन्ने प्रश्न महत्त्वपूर्ण हुनुपर्छ। पुराना दलले आफ्नो ऐतिहासिक योगदानको सम्मान खोज्ने हो भने वर्तमानका कमजोरी स्वीकार गरेर आफूलाई सुधार्नुपर्छ। नयाँ सरकारले जनताको समर्थन कायम राख्ने हो भने परिणाम देखाउनुपर्छ। वैकल्पिक राजनीति गर्नेहरूले आफूलाई अरूभन्दा फरक घोषणामात्र नगरी व्यवहारबाट प्रमाणित गर्नुपर्छ।

नेपाली समाजलाई अहिले चाहिएको अर्को राजनीतिक विभाजन नभई जिम्मेवार राजनीतिक प्रतिस्पर्धा हो। पुराना दलका समर्थकलाई शत्रु ठान्ने, नयाँ सरकारका समर्थकलाई अन्धभक्त भन्ने र फरक विचार राख्ने सबैलाई अवसरवादी करार गर्ने प्रवृत्तिले समाजलाई थप विभाजितमात्र बनाउँछ।

देश कुनै एउटा पार्टीको मात्र होइन। सरकार कुनै एउटा समूहको निजी सम्पत्ति होइन। राजनीतिक परिवर्तन पनि कुनै एक व्यक्तिको वा कुनै अमुक समूहको उपलब्धि होइन। यो सम्पूर्ण नागरिकको साझा आकांक्षा र जिम्मेवारी हो। आज नयाँ सरकारलाई समर्थन गर्ने नागरिकहरूले राखेको आशा पूरा हुन्छ कि हुँदैन भन्ने समयले प्रमाणित गर्नेछ। तर एउटा कुरा स्पष्ट छ — नेपाली नागरिक अब पार्टीको झन्डा बोकेर हिँड्ने कार्यकर्तामात्र भएर बस्न चाहँदैनन्। उनीहरू आफ्नो विवेक प्रयोग गर्न, प्रश्न उठाउन, समर्थन गर्न र आवश्यक पर्दा विरोध गर्न स्वतन्त्र रहन चाहन्छन्। यही स्वतन्त्र नागरिक चेतना नै अहिलेको नेपाली राजनीतिको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो। र सम्भवतः नेपालको लोकतान्त्रिक भविष्यको सबैभन्दा बलियो आधार पनि यही हो। बाह्रखरीबाट

## छठघाट...

पक्ष एकजुट भएर काम गरिरहेका छन्। घाट सफाइदेखि संरचना व्यवस्थापनसम्म आवश्यक साधन र जनशक्ति परिचालन गरिएको उनले बताए। छठ पर्वमा व्रतालुहरूले नदी, पोखरी तथा जलाशयका किनारमा बसेर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्। सूर्यदेव र छठी माताको उपासनासँग जोडिएको यस पर्वमा घाटको स्वच्छता, सुरक्षा र व्यवस्थापनलाई विशेष महत्व दिइन्छ।

पर्व नजिकिएसँगै सिरहाका गाउँदेखि सहरसम्म छठको चहलपहल बढेको छ। स्थानीयको सामूहिक श्रम र सहभागिताले घाटहरूलाई पूजाका लागि तयार पार्ने कामले गति लिएको छ।

## सिरहासहित ...

सजाउने तथा प्रकाशको व्यवस्था मिलाउने काममा जुटेका छन्। छठ पर्वमा व्रतालुका अतिरिक्त परिवारका सदस्य, आफन्त, छिमेकी र समुदायका अन्य व्यक्तिको समेत सक्रिय सहभागिता रहने गर्छ। जातीय, भाषिक तथा सामाजिक विविधताबीच आपसी सद्भाव, सहकार्य र एकताको सन्देश दिने यस पर्वले नेपाली समाजको धार्मिक तथा सांस्कृतिक पहिचानलाई थप बलियो बनाउँदै आएको छ।

शुद्धता, संयम, समर्पण र प्रकृतिप्रतिको सम्मानसँग जोडिएको छठले सूर्यको महत्त्वसँगै जलाशय तथा वातावरण संरक्षणको सन्देशसमेत प्रवाह गर्दै आएको छ। नहाय-खाय विधिबाट सुरु भएको छठको खरना सम्पन्न भएसँगै सिरहासहित देशभर पर्वको रौनक थपिएको छ।

# मिथिलाञ्चलमा सामाचकेवा पर्व सुरु



जनकपुरधाम, २८ कार्तिक। दाजुभाइ र दिदीबहिनी बिचको प्रेम, सद्भाव र आत्मीयताको प्रतीक मानिने सामाचकेवा पर्व मिथिलाञ्चलमा सुरु भएको छ। कार्तिक शुक्ल पञ्चमीमा सुरु भई १० दिनसम्म मनाइने यस पर्वको एघारौँ दिन अर्थात् पूर्णिमाको रात सामाचकेवाको विसर्जन गरिन्छ। पर्वका अवसरमा मिथिलाञ्चलका दिदीबहिनी, छोरीबुहारीले सामूहिक रूपमा नाचगान गर्दै दाजुभाइको सुख, समृद्धि र दीर्घायुको कामना गर्ने परम्परा छ। यो पर्वका जानकार पण्डित रामकुमार शास्त्रीका अनुसार पर्वको पहिलो दिन दिदीबहिनीहरू समूह बनाएर परम्परागत गीत गाउँदै गाउँबाहिरका खेत तथा भिरमा पुगेर दाजुभाइको हातबाट खनिएको माटो ल्याई त्यसलाई गिलो बनाएर विभिन्न आकृतिका सामा र चकेवा निर्माण गर्छन्।

रातो रङको बाँसको डालामा सामाचकेवा सजाएर दियो बाल्ने र राति गाउँका चोक, दोबाटो, चौबाटो, विद्यालय, धर्मशाला, मन्दिर तथा छठघाटमा लगेर नाचगान गर्ने प्रचलन छ। यसरी दिदीबहिनीहरू १० दिनसम्म सामाचकेवा खेल्दै दाजुभाइको दीर्घायुको कामना गर्दछन्।

यस अवसरमा महिलाहरूले 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चम्पा फूल लगाइदिय' तथा 'सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो' बोलका गीत गाउने चलन छ। पर्वको एघारौँ दिन बिहानै पुनः सामाचकेवा बनाएर रङ्गरोगन गरिन्छ। साँझ दाजुभाइलाई दहीचिउरा खुवाई परम्पराअनुसार फाँर भर्ने र दाजुभाइबाट सामाचकेवा फुटाइन्छ। त्यसपछि बाजागाजासहित नाचगान गर्दै सामाचकेवाको विसर्जन गरिन्छ।

सामाचकेवा पर्व मनाउन विवाहित नारी माइत जाने परम्परा रहेकाले टाढा रहेका दिदीबहिनीसमेत माइतीघर फर्किने गर्दछन्। दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले पनि छरछिमेकका आफन्तसँग मिलेर यो पर्व मनाउने गरेका छन्। मधेस प्रदेशका महोत्तरी, सर्लाही, सिरहा, धनुषा, सप्तरी, बारा र पर्साका साथै सीमावर्ती भारतीय जिल्लाहरूमा पनि यो पर्व हर्षोल्लासका साथ मनाइन्छ।

# पर्सामा छठका बेला पटका पड्काउन र माछामासु बिक्री गर्न रोक

वीरगन्ज, २८ कार्तिक। छठ पर्वलाई मर्यादित, सुरक्षित र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय पर्साले पटका तथा विस्फोटकजन्य पदार्थको प्रयोगमा रोक लगाएको छ। प्रमुख जिल्ला अधिकारी भोला दाहालले शनिबार सार्वजनिक अपिल जारी गर्दै छठ पर्वका अवसरमा आगलागी तथा मानवीय र भौतिक क्षति हुन सक्ने गतिविधि नगर्न सर्वसाधारणलाई आग्रह गरेका हुन्।

जिल्ला सुरक्षा समितिको बैठकको निर्णयअनुसार प्रशासनले छठ पर्वका लागि चारबुँदे सार्वजनिक अपिल जारी गरेको हो। अपिलमा पटका तथा अन्य प्रज्वलनशील र विस्फोटकजन्य पदार्थको ओसारपसार, बिक्री, वितरण तथा प्रयोग नगर्न आग्रह गरिएको छ। त्यस्ता गतिविधि गरेको पाइए प्रचलित कानुनबमोजिम कारबाही गरिने प्रशासनले जनाएको छ।

त्यसैगरी छठ घाट तथा पोखरीहरूमा पूजा तथा अर्घ्य दिने क्रममा बालबालिका, वृद्धवृद्धा र सर्वसाधारण डुब्न सक्ने जोखिमलाई ध्यानमा राख्दै उच्च सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको छ। सम्भावित दुर्घटना तथा विपद्को तत्काल उद्धारका लागि आवश्यक उपकरणसहित सुरक्षाकर्मी तयारी अवस्थामा रहने पनि अपिलमा उल्लेख छ।

छठ पर्वको धार्मिक मर्यादा र पवित्रता कायम राख्न शनिबार र आइतबार छठ पूजास्थल तथा घाट वरिपरिको क्षेत्रमा माछा, मासुलगायतका खाद्य पदार्थ र सम्पूर्ण मादक पदार्थको बिक्री, वितरण तथा सेवन पूर्ण रूपमा बन्द गर्न भनिएको छ। छठ पूजा व्यवस्थापन समितिहरूको अनुरोधसमेतलाई मध्यनजर गर्दै प्रशासनले यस्तो व्यवस्था मिलाउन आग्रह गरेको हो।

पर्व अवधिभर शान्ति सुरक्षालाई चुस्त र सुदृढ बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा छठ पूजा व्यवस्थापन समितिहरूबीच आवश्यक समन्वय गरिने प्रमुख जिल्ला अधिकारी दाहालले जनाएका छन्।

# झुटो आश्वासन दिएर राजनीति गर्दैनौं, जति बोल्छौं, त्यति गर्छौं : सभापति लामिछाने




काठमाडौं, २८ कार्तिक। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले मधेशका जनताको जीवनमा परिवर्तन ल्याउनु नै आफूहरूको पहिलो जिम्मेवारी रहेको दाबी गरेका छन्। शनिबार छठ पर्व मनाउन जनकपुरधाम पुग्नुभएका लामिछानेले विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै मधेसी जनताको आशा र विश्वासलाई निराशामा बदल्न नहुने बताएका हुन्।

लामिछानेले राजनीतिमा जनतालाई झुक्याएर भोट माग्ने प्रवृत्ति आफूलाई स्वीकार्य नभएको बताए। जति बोल्ने हो त्यति नै गर्नुपर्ने भन्दै उनले जनतासँग गरेका वाचा पूरा गर्नुपर्ने उनको भनाइ छ। 'जति बोल्छौं, त्यति नै गर्छौं। जनतालाई झुटो आश्वासन दिएर राजनीति गर्दैनौं। जनताको विश्वास र जनमतको सम्मान गर्दै मधेशी जनताको जीवनमा परिवर्तन ल्याउनु हाम्रो पहिलो जिम्मेवारी हो,' उनले भने, 'साथै, छठ पर्वको धार्मिक तथा सांस्कृतिक महत्वलाई सम्मान गर्दै सरकारले दिएको सार्वजनिक बिदाले जनताको भावना र संस्कृतिप्रतिको सम्मान झल्काउँछ,' उनले भने।

वर्तमान अवसर कुनै व्यक्तिको राजनीतिक प्रगतिका लागि नभई मधेशी जनताको मुहारमा खुशी ल्याउन र उनीहरूको जीवनमा परिवर्तन गर्न प्राप्त भएको उनको भनाइ छ। जनताको जनमतको अपमान गर्दै आफ्ना मान्छेलाई टिकट दिलाउने र जनताको बस्तीमा परिवर्तनको अनुभूति गराउन नसक्ने हो भने आगामी निर्वाचनमा जनताले अहिलेको समर्थन फिर्ता लिन समय नलगाउने उनको चेतावनी छ।

'सरकारका काममा देखिएका कमजोरीबारे आफ्नै पार्टीभित्र आलोचना, सल्लाह र सुझाव आउनु फुटको संकेत होइन, बलियो आन्तरिक लोकतन्त्रको उदाहरण हो। जनताले दिएको अवसर व्यक्तिगत स्वार्थका लागि होइन, मधेस र देशमा वास्तविक परिवर्तन ल्याउनका लागि हो। हाम्रो प्रतिवद्धता स्पष्ट छ,' उनले भने।

रास्वपा आन्तरिक लोकतन्त्रमा विश्वास गर्ने पार्टी भएकाले आफ्नै सरकारका काममा पनि आवश्यकताअनुसार आलोचना र सुझाव दिने गरेको उनको भनाइ छ। सरकारले गरेका केही काममा त्रुटी देखिए सुझाव र आलोचना गर्दा पार्टीभित्र विवाद भएको भन्दै विभिन्न भाष्य निर्माण गर्ने गरिएको उल्लेख गर्दै उनले त्यसलाई आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा बुझ्न आग्रह गरे। रास्वपाले मधेससहित देशभरका जनताको आवाज सुन्ने उल्लेख गर्दै लामिछानेले जनताको विश्वासलाई कुनैपनि हालतमा ओझेल पर्न नदिन पार्टी पङ्क्तिलाई आग्रह गरे।

# छठ नजिकिएसँगै सिरहाका बजारमा उखुको कारोबार बढ्दै



सिरहा, २८ कार्तिक। लोकआस्थाको महापर्व छठ नजिकिँदै जाँदा सिरहाका बजारमा उखुको व्यापार बढ्न थालेको छ। पर्वका लागि आवश्यक पूजासामग्री खरिद गर्न उपभोक्ताहरू बजार पुग्न थालेपछि उखु बिक्री गर्ने किसानहरूलाई भ्याइनभ्याइ भएको छ। जिल्लाको गोलबजारलगायत विभिन्न बजार, सडक किनार तथा मुख्य चोकहरूमा किसानहरूले उखुका भारी राखेर बिक्री गरिरहेका छन्।

छठ पर्वमा उखुको माग बढ्ने भएकाले किसानहरू आफ्नो उत्पादन बजारसम्म ल्याएर बिक्री गर्न सक्रिय भएका हुन्। बजारमा उपभोक्ताको चहलपहल बढेसँगै उखु किनबेच पनि तीव्र बन्दै गएको छ। छठ पर्वमा उखुलाई विशेष धार्मिक तथा सांस्कृतिक महत्वका साथ प्रयोग गरिन्छ। अस्ताउँदो र उदाउँदो सूर्यदेवलाई अर्घ्य अर्पण गर्दा उखु चढाउने परम्परा रहेको छ। यसै कारण छठको समयमा अन्य दिनको तुलनामा उखुको माग उल्लेख्य रूपमा बढ्ने गर्दछ।

विशेषगरी मधेस क्षेत्रमा छठ पर्वलाई श्रद्धा, निष्ठा र उत्साहका साथ मनाउने गरिन्छ। पर्वका लागि आवश्यक फलफूल, उखु, नरिवल, ठकुवा, भुसुवा लगायतका सामग्री जुटाउन भक्तजनहरू केही दिनअघिदेखि नै तयारीमा लाग्ने गर्छन्। छठको धार्मिक परम्पराले स्थानीय किसानलाई आफ्नो कृषि उत्पादन बिक्री गर्ने अवसरसमेत प्रदान गरेको छ। पर्वको समयमा उखुको माग बढ्दा किसानहरूले बजारमा उत्पादन पुऱ्याएर आम्दानी गर्ने मौका पाउँछन्। बजार तथा सडक किनारमा उखुको बिक्री सुरु भएसँगै छठको आगमनले सिरहाका बजारमा पर्वमय वातावरण सिर्जना हुन थालेको छ।

आस्थाको यो पर्व नजिकिँदै गर्दा बजारमा देखिएको उखुको चहलपहलले छठको रौनक थप बढाएको छ।

# सर्लाहीमा वृद्ध दम्पतीमाथि आक्रमण, दुवैको अवस्था गम्भीर

सर्लाही, २८ कार्तिक। सर्लाहीको हरिपुर्वा नगरपालिका-९ बसन्तपुरमा अज्ञात समूहको आक्रमणबाट एक वृद्ध दम्पती गम्भीर घाइते भएका छन्। आफ्नै घरमा सुतिरहेको अवस्थामा गएराति अज्ञात समूहले इँटा प्रहार गर्दा ७० वर्षीय शुकदेव साह र उनकी श्रीमती जिब्छी साह घाइते भएका हुन्। आक्रमणकारीले दुवै जनाको टाउको र अनुहारमा इँटाले प्रहार गरेको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी वेदप्रसाद गौतमले घटनाबारे जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलतर्फ गइसकेको बताए। उनले भने, 'दम्पत्तीमाथि सुतिरहेको अवस्थामा अज्ञात समूहले आक्रमण गरेको भन्ने जानकारी आएको छ। प्रहरी टोली घटनास्थलतर्फ गइसकेको छ। अनुसन्धानपछि मात्रै दम्पतीमाथि कसले किन आक्रमण गरेको हो भन्ने खुल्ने छ।'

किराना पसल सञ्चालन गर्दै आएका साह दम्पतीको हाल जनकपुरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। दुवै जनाको अवस्था गम्भीर रहेको स्थानीय रविन्द्र यादवले जानकारी दिए। दम्पतीमाथि आक्रमणको कारण खुल्न नसकेको हरिपुर्वा नगरपालिका-८ का वडाध्यक्ष रमेश यादवले बताए।

# मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादवले दिए राजीनामा



जनकपुरधाम, २८ कार्तिक। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिएका छन्। शनिबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले राजीनामाको घोषणा गरेका हुन्। प्रदेशसभाको अंकगणितीय जोड घटाउमा अल्झिएर सरकार सञ्चालन गर्नुभन्दा प्रदेशमा स्थिर सरकार निर्माण र विद्यमान राजनीतिक परिस्थितिको निकास खोज्न आफूले राजीनामा दिने निर्णय गरेको उनले बताए।

प्रदेशमा राजनीतिक स्थिरता कायम गर्न र सरकार गठनको प्रक्रियालाई सहज बनाउन मार्गप्रशस्त गर्ने उद्देश्यले राजीनामा दिएको उनको भनाइ थियो। मुख्यमन्त्री यादवको राजीनामासँगै मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि राजनीतिक दलहरूबिच नयाँ सत्ता समीकरणको सहमति यस अघि नै भइसकेको छ।

सत्ता साझेदार नेकपा एमालेले असोज ३० गते समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो। त्यसपछि कात्तिक २० गते नेपाली कम्युनिस्ट पार्टीसमेत सरकारबाट बाहिरिएपछि यादव नेतृत्वको सरकार संकटमा परेको थियो। १०२ सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि ५२ सांसदको समर्थन आवश्यक थियो। अब प्रदेश प्रमुखले संविधानको धारा १६८ (२) अनुसार नयाँ सरकार गठनका लागि आह्वान गर्नेछन्।

# डिडिसी विराटनगर आयोजना प्रमुख पक्राउ

काठमाडौं, २८ कार्तिक। नेपाल प्रहरीले दुग्ध विकास संस्थान ( डिडिसी) मा भएको आर्थिक अनियमितता प्रकरणमा थप एक जनालाई पक्राउ गरेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ( सीआईबी) ले संस्थानको आर्थिक अनियमितता तथा सङ्गठित अपराधमा संलग्न रहेको आरोपमा विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख नवीनकिशोर शर्मालाई पक्राउ गरेको हो।

सर्लाहीका ४५ वर्षीय शर्मालाई पक्राउ गरी आज सार्वजनिक गरिएको ब्युरोले जनाएको छ। ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशम्शेर जबराका अनुसार नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानका तत्कालीन महाप्रबन्धक तथा उच्च तहका कर्मचारीको संलग्नतामा गैरकानुनी आर्थिक लाभ लिई संस्थानलाई ठूलो आर्थिक क्षति पुऱ्याइएको भन्ने उजुरीका आधारमा शर्मालाई पक्राउ गरिएको हो।

ब्युरोको प्रारम्भिक अनुसन्धानमा संस्थानका तत्कालीन महाप्रबन्धक, प्रशासनिक उच्च तहका अधिकारी, चिस्यान केन्द्रका प्रमुख तथा कर्मचारीले पूर्वयोजनाअनुसार आपसी मिलेमतोमा विभिन्न समूह बनाई सङ्गठित सञ्जालमार्फत संस्थानलाई आर्थिक नोक्सानी पुऱ्याएको देखिएको छ। उक्त प्रकरणमा संस्थानलाई रु १२ करोड १३ लाख ४३ हजार ५३० बराबरको आर्थिक क्षति पुऱ्याई सोही रकम गैरकानुनी रूपमा लाभ लिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको सीआईबीले जनाएको छ।

शर्माविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को आपराधिक विश्वासघात गर्न नहुने कसुर तथा सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान भइरहेको प्रवक्ता जबराले जानकारी दिए।

ब्युरोका अनुसार जिल्ला अदालत काठमाडौँबाट पक्राउ अनुमति लिएर शर्मालाई पक्राउ गरिएको हो। यस प्रकरणमा अनुसन्धानका लागि प्रहरीले यसअघि आठ जनालाई पक्राउ गरिसकेको छ।

# केराको आयात शून्य हुँदा स्वदेशी उत्पादनलाई बजार, तर उपभोक्ता भन्छन, भाउ निकै महँगियो

जनकपुरधाम, २८ सिरहा। छठ पर्व नजिकिएसँगै जनकपुरधाम सहित तराई-मधेसका बजारमा केराको किनबेच उल्लेख्य रूपमा बढेको छ। सूर्य उपासनाको यस पर्वमा केरालाई मुख्य प्रसादका रूपमा चढाउने परम्परा रहेकाले यतिबेला बजारमा यसको माग उच्च भएको हो।

पर्वको तयारी अन्तिम चरणमा पुग्दा व्यापारीहरू केरा बिक्री गर्न व्यस्त छन् भने उपभोक्ताहरू पनि पूजाका सामग्री जुटाउन बजार पुगिरहेका छन्। विगत वर्षहरूको तुलनामा यसपटक छठका लागि भारतबाट केरा आयात नभएको र स्वदेशी उत्पादनले नै बजारको माग धानिरहेको व्यवसायीहरूले जनाएका छन्।

जनकपुर फलफूल व्यवसायी संघका अध्यक्ष विश्वेश्वर यादवका अनुसार यस वर्ष भारतीय केराको आयात शून्य रहेको छ। नेपालकै कैलालीको टीकापुर, नवलपरासी, चितवन, त्रिवेणी, हेटौँडा, निजगढदेखि पूर्वको बिर्तामोड, शनिश्चरे, इनरुवा र कोशी क्षेत्रबाट केरा आपूर्ति भइरहेकाले बजारमा अभाव नहुने उनले बताए।

अध्यक्ष यादवका अनुसार हाल बजारमा मिर्चमान जातको केरा प्रतिघरी १ हजारदेखि १ हजार २ सय रुपैयाँसम्म र गोपाल जातको केरा ५ सयदेखि १ हजार रुपैयाँसम्ममा बिक्री भइरहेको छ। बजारको अवस्थाबारे बोल्दै उनले भने, 'यस वर्ष छठका लागि भारतबाट केरा आयात गर्नुपर्ने अवस्था छैन, नेपालकै उत्पादनले बजारको माग पर्याप्त रूपमा धानेको छ।'



विगतमा भारतबाट मिर्चमान र चम्पा जातका केरा बढी आउने गरे पनि पछिल्लो समय नेपालमै यसको खेती विस्तार भइरहेको उनले प्रस्ट पारे। उनले थपे, 'अहिले गोपाल र बन्सीबोट केरा पर्याप्त मात्रामा उपलब्ध छन् भने आगामी एक-दुई वर्षमा मिर्चमान र चम्पा जातका केरा पनि नेपालमै पर्याप्त उत्पादन हुने विश्वास लिएका छौं।'

व्यवसायीहरूले बजारमा केराको सहज उपलब्धता रहेको दाबी गरे तापनि उपभोक्ताहरू भने मूल्यप्रति सन्तुष्ट हुन सकेका छैनन्। विगतमा भारतीय केरा आयात हुँदा मूल्यमा प्रतिस्पर्धा भई केही सस्तो पर्ने गरेकोमा यस वर्ष स्वदेशी केरा निकै महँगो भएको उनीहरूको गुनासो छ ।

केरा खरिद गर्न बजार पुगेका एक उपभोक्ताले व्यापारीहरूले प्रतिघरी १२ सयदेखि १५ सय रुपैयाँसम्म मागिरहेको बताए। पहिले ६-७ सय रुपैयाँमै पाइने गरेको केराको भाउ यसपालि दोब्बर जस्तै भएको उल्लेख गर्दै उनले छठजस्तो महत्वपूर्ण पर्वमा आवश्यक पर्ने सामग्रीको मूल्य नियन्त्रण गर्न सरकारले ध्यान दिनुपर्ने माग गरे।

छठ पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिँदा केराको घरीसहित विभिन्न फलफूल तथा पूजा सामग्री चढाउने धार्मिक परम्परा छ। स्वदेशी उत्पादनले बजार धानेपछि किसान र व्यवसायी उत्साहित देखिए पनि अनियन्त्रित मूल्यका कारण सर्वसाधारण उपभोक्तामाथि भने थप आर्थिक भार परेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)